नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ५१ २०८१ साल भदौं ३१ गते सोमबार (16 Sep. 2024 Monday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : डेंगुबाट जोगिन घरसँगै कार्यालय ३ पृष्ठमा : 'संविधानको कार्यान्वयन र प्राप्त ३ पृष्ठमा : केजरीवालले पदबाट राजीनामा...

# शिशुको मृत्यु भएपछि उत्पन्न तनाव चार बुँदे सहमतिपछि साम्य



**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

पुर्व पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहमा आईतवार माइक्रो वसको ठक्करबाट एक शिशुको मृत्यु पश्चात् उत्पन्न तनाव चार बुँदे सहमतिपछि साम्य भएको छ ।

मृतक परिवारलाई १० लाख क्षतिपूर्ती दिने, घाइतेको उपचार खर्च व्यहोर्ने, जिल्लामा टाइम कार्ड लागु गर्ने र भारदह चौकमा आवश्यकता पहिचान गरि प्रहरी तथा ट्राफिक बीट व्यवस्थापन गर्ने सहमति भएपछि तनाव साम्य भएको हो ।

विहान ८ बजेतीर भारदहस्थित कंकालिनी मन्दिर नजिकै भएको सो घटनामा डेढ वर्षिय आर्दश अधिकारीको मृत्यु भएको थियो । हजुरआमा अनिता अधिकारी नाती आर्दशलाई लिएर बाटो पार गर्न उभिरहेका बेला अचानक राजविराजबाट विराटनगरतर्फ जादै गरेको प्रदेश १-००५-००१ज.३८६६ नम्बरको माइक्रोले ठक्कर दिएको प्रत्यक्षदर्शीहरुले बताएका छन् ।

ठक्करबाट गम्भीर घाईते भएका दुबै जनालाई उद्धार गरी उपचारका लागी विराटनगरस्थित एक अस्पताल पुन्याइएको थियो । पुन्याइएको आधी घण्टामै

***बाँकी अन्तिम पृष्ठमा***

## इन्जिनियर्स एशोसिएशनको अध्यक्षमा बराल निर्वाचित

**दैनिक समाचारदाता**
**काठमाडौं, ३० भदौ ।**

नेपाल इन्जिनियर्स एशोसिएशनको अध्यक्षमा सेन्टर फरसुवासचन्द्र बराल निर्वाचित भएका छन् ।

शनिबार राती सम्पन्न निर्वाचन परिणामअनुसार बरालले आफ्ना प्रतिद्वन्द्वी विष्णुप्रसाद पाण्डेलाई २०७२ मतले पराजित गरेका हुन् ।

उपाध्यक्षमा प्रकाश केसी, महासचिवमा विनोदप्रकाश पण्डित, उपमहासचिवमा अनिल मानन्धर, कोषाध्यक्षमा सुमन थापा र सहकोषाध्यक्षमा कृष्णप्रसाद पोखरेल निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

यसैगरी, सदस्यमा रामकृष्ण पौडेल, प्रभुराम पोखरेल, एमेन्द्र गुरुङ, अनिल पौडेल, सञ्जयकुमार शाह, नेत्रप्रसाद देवकोटा, भैरव धिताल, सुजन श्रेष्ठ, लोकेन्द्र अधिकारी, विक्रमकुमार दास, प्रियङ्का गुप्ता र जयकिसुन राय निर्वाचित भएका छन् ।

## तेल बोकेको ट्रक त्रिशूलीमा खस्यो

**दैनिक समाचारदाता**
**चितवन, ३० भदौ ।**

खानेतेल बोकेर सिमाराबाट काठमाडौं गइरहेको ट्रक त्रिशूलीमा खसेको छ । ना६ख ६२८३ नम्बरको ट्रक आइतवार बिहान त्रिशूलीमा खसेको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भेषराज रिजालका अनुसार भरतपुर महानगरपालिका-२९ पच्चीस किलोबाट ट्रक नदी छेउमा खसेको हो । ट्रकका चालक र सहचालकको खोजी भइरहेको छ । घटनास्थलमा इलाका प्रहरी कार्यालय मुग्लिनको टोली पुगेको उनले बताए ।

## शौचालयबाट कैदी फरार

सुरुङ्गा (झापा), ३० भदौ (रासस) ।

जबर्जस्ती करणी मुद्दामा कैद भुक्तान गरिरहेका एक कैदी आइतबार फरार भएका छन् ।

फरार हुनेमा २४ वर्षीय जीवन साह रहेको प्रहरीले जनाएको छ । भद्रपुरस्थित ओमसाई पाथीभरा अस्पतालबाट आइतबार बिहान उनी फरार भएका हुन् । त्यहाँ उपचाररत साहलाई आइतबार बिहान ३:४० बजे सोही अस्पतालको शौचालय लगिएकामा शौचालयबाटै उनी फरार भएको प्रहरीको भनाइ छ ।

छातीमा समस्या भएपछि भद्रपुर नगरपालिका-५ घर भएका साहलाई यही भदौ २५ गते प्रादेशिक अस्पताल

***बाँकी अन्तिम पृष्ठमा***


## धितो लिलाम बिक्रि गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**दोस्रो पटक प्रकशित मिति : २०८१/०५/३०**

यस प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराजको तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०८१/०१/०२ गतेको राजविराज दैनिक पत्रिकामा ऋण चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना, मिति २०८१/०२/११ गते १५ दिने सूचना र मिति २०८१/०३/१७ गते ७ दिने सूचना प्रकशित गर्दा समेत संस्थाको कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पति लिलाम बिक्रि गरि यस संस्थाको सम्पूर्ण लेना रकम उपर गरि लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्न यो दोस्रो पटक १५ दिने धितो लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ । अत उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित लिलाम बिक्रि हुने धितो सुरक्षण सम्पति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरि लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनि तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पति कसैले नसकारेमा वा रितपुर्बक बोलपत्र नपरेमा सहकारी ऐन २०७५ प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस संस्थाले आफैले साकार गरि लिने ब्योहरा समेत सम्बन्धि सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्रि गर्दा वा संस्थाले आफैले सकार गर्दा साबिकमा भएको यस संस्थाबाट मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्रि भयो वा मेरो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा आफैले साकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि सम्पूर्ण लेना रकम अशुल उपर नभएमा अन्य चल, अचल जायजेथा सम्पतिबाट समेत अशुल उपर गरि लिने र सहकारी ऐन २०७५ बमोजिम कालो सुचिमा समाबेश गरिने ब्योहरा सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपशिल**

| नाम | गा.बि.स/न.पा. | वार्ड न. | कित्ता न. | क्षेत्रफल |
|---|---|---|---|---|
| ऋणीको नाम :- मो. जुबेर अंसारी | बिसहरिया | ९ | ९६९ | ०-१-१७.५-० |
| नागरिकता न. :- ४४३६ | | ९ | ९६८ | ०-१-१७.५-० |
| जन्म मिति :- २०२९/०१/२१ | | | | |
| जारी मिति :- २०४६/१२/२० | | | | |
| बाबुको नाम :- इलियाश अंसारी | | | | |
| बाजेको नाम : - हनिफ अंसारी | | | | |

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**राजविराज -०४ सप्तरी**
**टेलिफोन न. ०३१-५३२५२२/५२१११२**



## कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने अत्यन्तै जरुरी सूचना

**मिति : २०८१/०५/३०**

यस प्रभु बचत तथा ऋण सहकारी संस्था राजविराज-०४ को तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यले लिनु भएको कर्जा रकम यस सहकारी संस्थासंग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउंदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि कर्जा नियमित नगर्नु भएको र बक्योता रकम फर्छौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत : यो सुचनाद्वारा तपाई ऋणीबाट सम्पूर्ण कर्जा फिर्ता भुक्तानी माग गरिएको छ र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र यश संस्थामा सम्पर्क राखी तपाइले तिर्नुपर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर रकम चुक्ता फर्च्छौट गर्न गराउनको लागी सम्बन्धित ऋणी तथा जमानतकर्ताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ । अन्यथा प्रचलित ऐन, कानून, सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा यश संस्थासंग गरेको लिखित शर्त तथा सम्झौता बमोजिम कर्जा सुरक्षणको लागी राखिएको धितो लिलाम बिक्रि गरि संस्थाको लेना असुल उपर गरिने छ र कदम कदाचित राखिएको धितोबाट असुल उपर हुन् नसकेमा प्रचलित कानून अनुसार अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरि सम्बन्धित ऋणी सदस्यलाई कालो सुचिमा सामबेश गर्न तर्फको प्रकृया चलाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| नाम | गा.बि.स/न.पा. | वार्ड न. | कित्ता न. | क्षेत्रफल |
|---|---|---|---|---|
| ऋणीको नाम :- सोनाई दास | बसबिट्टी | ०८ | २४० | ०-०-१० |
| बाबुको नाम :- अवधि दास | | | | |
| बाजेको नाम : - साबिचन दास | | | | |
| ठेगाना : - राजविराज नगरपालिका वडा नं. ०५, सप्तरी | | | | |

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**राजविराज -०४ सप्तरी**
**टेलिफोन न. ०३१-५३२५२२/५२१११२**

## सम्पादकीय ....

# स्थानीय पर्यटकीय स्थाललाई प्राथमिकतामा राखौं

स्थानीय स्तरमा रहेका विभिन्न पर्यटकीय स्थलहरुलाई प्राथमिकतामा राखी त्यसलाई प्रोत्साहन गर्नेतर्फ अझैं ध्यान पुग्न सकेको छैन् । चाहे त्यो धार्मिक तथा पिकनिक वा मनोरन्जन स्थल नै कीन नहोस् । आन्तरिक आयश्रोतको उत्तम माध्यम रहेको पर्यटकीय स्थलहरुलाई संरक्षण र सम्वर्द्धन गरेर अगाडी बढाउनु आवश्यक छ । जसले गर्दा आम्दानीको श्रोत बढाउनुका साथै स्थानीय क्षेत्रका आन्तरिक पर्यटन स्थलहरुको विकासमा ठेवा पुग्ने छ। स्थानीयस्तरबाटै त्यस्ता स्थलहरुको पहिचान गरि दिर्घकालिन नीति बनाएर अगाडी बढाउन सकिए भविष्यमा ती स्थलहरु पर्यटक स्थलको रुपमा अगाडी बढ्न सक्छ। यसका लागि सम्पूर्ण पालिकाले आ-आफ्नो क्षेत्रमा रहेका प्राकृतिक स्थलहरुको अध्ययन र अनुसन्धान समेत अगाडी बढाउन अग्रसरता देखाउनु जरुरी छ ।

सप्तरी जिल्लालाई पर्यटकीय स्थल र आन्तरिक पर्यटकलाई कसरी आकर्षित गर्नेतर्फ हालसम्म कसैको ध्यान पुग्न सकेको छैन् । जिल्लाको विभिन्न पर्यटक स्थल तथा धार्मिक पर्यटक स्थललाई श्रोत साधनको उपयोग गरि आकर्षित गर्न सक्ने पर्याप्त सम्भावना रहेको छ । तर, ती स्थलहरु उचित सम्बर्द्धन र विकासको अभावमा बाझो परेको अवस्था रहेको छ । जिल्लाको कुरा गर्ने हो भने शिवशनि धाम, लोहजरा दह, धारापानी, दुधेला खोला, कृष्णासवरण लगायतका स्थलहरु पर्यटकीय स्थलको रुपमा विकासका लागि स्थनिय निकायले हेलचक्राइ नगरिकन अगाडी बढ्नु आवश्यक छ ।

स्थानिय तहले हालसम्म ती क्षेत्रहरुको सम्बर्द्धन तथा विकासका लागि कुनै बजेट बिनियोजन गरेको देखिदैन । तसर्थ स्थानिय तहरुले आ-आफ्नो क्षेत्रमा पर्ने त्यस्ता पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्द्धनका साथै आन्तरिक आयश्रोत बढाउन पनि बढावा दिनु आवश्यक छ ।

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# डेंगुबाट जोगिन घरसँगै कार्यालय वरिपरि पानी जम्न नदिउँ

**डा. शेरबहादुर पुन**

लगभग सबैलाई थाहा भएकै विषय हो । नेपालमा मनसुन सिजनमा डेंगु फैलिन्छ । यसको रोकथामका लागि तयारी गरिए पनि 'एक्सन'मा प्रभावकारिता देखिँदैन । अहिले पनि देखिएको छैन, त्यो पो अचम्म छ त !

केही दिन यता डेंगु सङ्क्रमित सङ्ख्या हेर्ने हो भने ह्वात्तै बढेको छ । 'सङ्क्रमण किन बढ्यो'मात्र भन्यौं, एक्सनमा गएनौं । अहिले पनि निरन्तर डेंगु सङ्क्रमित बढिरहेको छ । यसरी डेंगु सङ्क्रमित संख्या बढ्नुमा कतै हामी गम्भीर नभएको परिणाम पो हो कि भन्ने मलाई लाग्छ ।

आम नागरिकले पनि डेंगुलाई मतलब गरेका छैनौं । लामखुट्टे नियन्त्रणमा अझै पनि त्यति धेरै ढिलो भइसकेको छैन । जति सकिन्छ छिटो लामखुट्टे नियन्त्रणमा लाग्नु पर्छ । लामखुट्टे नियन्त्रणमा नलागेसम्म डेंगु सङ्क्रमणलाई नियन्त्रण गर्न सकिँदैन । लामखुट्टेको सङ्ख्या निरन्तर रूपमा बढ्ने छ । डेंगु सङ्क्रमितको सङ्ख्या पनि निरन्तर रूपमा बढ्ने सम्भावना देखिन्छ ।

डेंगु गराउने लामखुट्टे दिउँसो सक्रिय हुने भएकाले तपाईं हामी कहाँ छौं ? पहिला सौचौं । तपाईं बस्ने वरिपरि पानी जमेको छ कि छैन ? अथवा खल्डाखुल्डी छ कि छैन ? काम गरेको ठाउँ, कार्यस्थलको कुरा गर्दैछु । किनकि यो बारेमा हामीले सोचेकै छैनौं । तपाईंको वरिपरि वातावरणमा लामखुटटेको सङ्ख्या बढेको छ कि छैन ? त्यसमा विचार गरौं ।

घरको वरिपरि पानी जम्न नदिन ध्यान दिउँ । घरसँगै आफूले काम गर्ने कार्यालयमा पनि सरसफाइलाई ध्यान दिउँ । डेंगुबाट सजगता अपनाउन पानी जम्न नदिने काम साताको एक दिन गरौं । दिउँसो नै डेंगु सर्ने लामखुट्टेले टोक्छ । दिउँसो हामी कार्यालयमै हुन्छौं । त्यही कारणले कम्तीमा सातामा एक दिन भए पनि केही समय निकालेर लामखुट्टेका लार्भाहरू देखिने ठाउँ छ भने त्यो हुने अवस्था नबनाउँ । लामखुट्टेको लार्भा देखिएको छ भने त्यसलाई नष्ट गर्न तर्फ लागौं । यतिमात्र गर्दा पनि डेंगु सङ्क्रमण धेरै कम हुन्छ ।

कुनै पनि ठाउँमा लामखुट्टेको वृद्धि वा विकास हुने अवस्था सिर्जना भएमा त्यहाँ डेंगु सङ्क्रमण बढी हुन्छ । जहाँ भए पनि बढी नै सङ्क्रमण फैलिन्छ । गण्डकी प्रदेशमा मात्रै होइन, जुनसुकै ठाउँमा पनि डेंगु फैलिन्छ । डेंगु प्रकोप कुनै पनि ठाउँमा हुन सक्छ । लामखुट्टे बस्ने जीवनचक्र बन्ने अवस्था सिर्जना भएमा लामखुट्टेको वृद्धि हुने अवस्था हुन्छ र डेंगु 'आउट ब्रेक' हुनसक्छ ।

जति धेरै लामखुट्टे बढ्यो, त्यति धेरै सङ्क्रमण फैलिन्छ । त्यो कारणले नै सङ्क्रमित सङ्ख्या बढेको छ । त्यसको लागि हामीले नै वातावरण सिर्जना गरेका छौं ।

सार्वजनिक स्थलमा लामखुट्टेले नटोकोस् भन्नका लागि कपडा लगाएर हुन्छ कि, लामखुट्टेबाट जोगाउने मलम लगाएर हुन्छ कि, सार्वजनिक स्थलमा स्थानीय तहले सातामा एक पटक लामखुट्टे अथवा लार्भा नष्ट गरेर हुन्छ कि, यस्तो वातावरण बनाउन आवश्यक छ ।

सार्वजनिक स्थल र कार्यालयमा लामखुट्टे मार्ने अभियान चलाउनु पर्छ । व्यक्ति स्वयंले सतर्कता अपनाउनु पर्छ । (लेखक पुन सरुवारोग विशेषज्ञ हुन् ।) रातोपाटीबाट

# बालबालिकाको अवैध ओसारपसार कायमै

काठमाडौं, ३० भदौ (रासस) ।

गरिब, अशिक्षा र आधारभूत सेवासुविधाको अभावमा कर्णाली प्रदेशका हिमाली जिल्लाबाट अहिले पनि सयौंको सङ्ख्यामा बालबालिकाको ओसारपसार हुने गरेकाले त्यसलाई नियन्त्रण गर्न तीनै तहका सरकारहरु गम्भीर हुनुपर्नेमा जोड दिइएको छ । ६० औं बाल दिवसको अवसरमा आधार विकास नेपाल र हिमाली नवीन समाजद्वारा यहाँ आयोजित नेपालमा संस्थागत हेरचाहमा हुने बालबालिकाको ओसारपसार विषयक गोष्ठीका सहभागी वक्ताहरुले सो धारणा राख्नुभएको हो ।

नेपालमा संस्थागत हेरचाहसँग जोडिएर हुने बालबालिकाको बेचबिखन तथा ओसारपसारको नियन्त्रण तथा रोकथाम र कानुनी व्यवस्था नभएकाले देशका दुर्गम जिल्लाहरुबाट विभिन्न बहानामा बर्सेनि सयौंको सङ्ख्यामा बालबालिकाहरु आफ्ना परिवार समाजबाट बिछोडिनुपरेको छ । यसले ती बालबालिकाको अभिभावकसँग बिताउन पाउने नैसर्गिक अधिकारबाट बञ्चित हुनुको साथै उनीहरुले शारिरीक, मानसिक यातना सहनु परेकाले यसतर्फ ध्यान दिनुपर्ने वक्ताहरुको भनाइ छ ।

सो अवसरमा कर्णाली प्रदेशका पूर्व मुख्यमन्त्री एवं नेपाली कांग्रेसका नेता जीवनबहादुर शाहीले कर्णाली प्रदेश जडीबुटी र खाद्यान्न उत्पादनको अपार सम्भावना रहेपनि त्यसको उपयोग गर्न नसक्दा गरिबीको अवस्था देखिएको उल्लेख गर्दै सामाजिक सोच र व्यवहारले पनि कर्णाली उपेक्षामा परेको बताउनुभयो । उहाँले विगतमा धनीका छोराछोरी बालमन्दिरहरुमा राखिने गरेपनि अहिले विपन्न र अशिक्षित परिवारका बालबालिकालाई विभिन्न प्रलोभनमा पारी राख्ने गरिएको र त्यहाँ रहेका बालबालिकाको शैक्षिक, स्वास्थ्य अवस्था राम्रो नभएकाले उनीहरुलाई परिवारमै बस्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो ।

आधार नेपालका देशीय प्रतिनिधि प्रल्हाद ढकालले केही बालबालिकालाई उनीहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य र अन्य आधारभूत सुविधा दिने नाममा सहरमा ल्याउनुभन्दा जिल्लामै त्यो अवसर दिन सकिएमा परिवार, समाज र संस्कृतिसँगको सम्बन्धबाट उनीहरु विमुख हुन नपर्ने बताउनुभयो । हिमाली नवीन समाजकबा कार्यकारी निर्देशक धनबहादुर लामाले देशका अधिकांश बालगृहहरु राज्यको मापदण्डअनुसार नरहेको उललेख गर्दै ती बाल गृहहरुमा राखिएका बालबालिका थुप्रै समस्याहरुबाट पीडित रहेकाले उनीहरुलाई परिवारमै पुनस्थापित गर्न संस्थाले पहल गरिरहेको उल्लेख गर्नुभयो ।

सो अवसरमा राष्ट्रिय बालअधिकार परिषदका कार्यक्रम प्रबन्धक नमूना भुसाल, नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रवक्ता गौतम मिश्र, कानुन व्यवसायी डा शिव पौडेल र आधार नेपालका प्रज्ञा लम्सालले बालबालिकासम्बन्धी विद्यमान कानुन, बालगृहको अवस्था र राज्यले अवलम्बन गर्नुपर्ने नीतिका बारेमा प्रस्तुतीकरण दिनुभएको थियो ।

कार्यक्रममा केही वर्षअघि रुकुम टक्सेराबाट काठमाडौं ल्याइएकी वर्मा बुढामगरले आफूले ११ वर्षसम्म बालगृहमा रहँदा भोग्नुपरेका पीडाका बारेमा बोल्नुभएको थियो । सो अवसरमा हाम्रो घर हाम्रो परिवार नामक पुस्तकको पनि लोकार्पण गरिएको थियो ।

# उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिन घरजग्गा व्यवसायीलाई प्रधानमन्त्रीको आग्रह

काठमाडौं, ३० भदौ (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले उत्पादन र उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिन घरजग्गा व्यवसायीलाई आग्रह गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आइतबार नेपाल जग्गा तथा आवास विकास महासङ्घको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री ओलीले अर्थतन्त्रलाई चलायमान बनाउन निर्यात गर्न सकिने गरी उत्पादनमूलक काममा लाग्नुपर्र्नेमा जोड दिनुभयो । उहाँले बसोबासका लागि आवश्यक हुने घरजग्गाको कारोबार नियमित रुपमा हुने भए पनि धेरै लगानी गरेर लामो सयम खाली हुने 'अपार्टमेन्ट'हरु सहरमा देखिने स्थिति हुँदा त्यसले तत्काल प्रतिफल नदिने स्पष्ट गर्नुभयो ।

प्रधानमन्त्री ओलीले यस व्यवसायलाई व्यवस्थित बनाउन र जनताको विकाससँग जोडिएका विषयमा कानुनी एवं आवश्यक सुधारका लागि सरकारले पहल गर्ने विश्वास दिलाउनुभयो ।

सो अवसरमा महासङ्घका अध्यक्ष भेषराज लोहनी नेतृत्वको टोलीले व्यवस्थित एवं वैज्ञानिक सहरीकरण विकास गर्न, काठमाडौं महानगरपालिकाबाट सूचना गरिएको नदी किनाराबाट थप २० मिटरको मापदण्ड कार्यान्वयन हुन नहुने, निजी क्षेत्रको सहकार्यमा जग्गा विकास कार्यक्रम ल्याउनुपर्ने, सहरी विधेयक ल्याउनुपर्ने, घरजग्गा कारोबारलाई 'डिजिटलाइज्ड' गर्नुपर्नेलगायत माग प्रधानमन्त्री ओली समक्ष राखेको थियो ।

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अग्निसाइर कृष्णासवरण गाउँपालिकाको कार्यालय, सप्तरी**

# ‘संविधानको कार्यान्वयन र प्राप्त उपलब्धिको रक्षा गर्नु सबैको दायित्व’

काठमाडौं, ३० भदौ (रासस) ।

नेपाली कांग्रेसका सांसद किरणबाबु श्रेष्ठले परिवर्तनका लागि निरन्तर लडेका पक्ष संविधानको रथार्थ दह्रिलो ढङ्गबाट उभिनुपर्नेमा जोड दिनुभएको छ । राष्ट्रियसभाको आइतबारको बैठकको विशेष समयमा उहाँले संविधानको सफल कार्यान्वयनसँगै जनताको सङ्घर्षबाट प्राप्त उपलब्धिको रक्षा गर्नु सबैको दायित्व भएको बताउनुभयो ।

“यो संविधानका सबै धारामा सहिदको आवाज, राष्ट्रियताको प्रवाह, नेपालको सुन्दर भविश्यको प्रतिबिम्ब र सङ्घर्षको गीत छ”, सांसद श्रेष्ठले भन्नुभयो, “संविधानले प्रभावकारी रुपमा काम गर्न सक्यो कि सकेन, सकेका छैनन् भने के-के कमीकमजोरी भए, भोलिका दिनमा त्यसलाई कसरी सच्याएर अघि बढ्ने भन्ने विषयमा गम्भीर भएर सोच्नुपर्छ ।”

**जनताको युद्धलाई ‘हिंसा’ भन्न पाईंदैनः सांसद विश्वकर्मा**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद विष्णुबहादुर विश्वकर्माले व्यवस्था परिवर्तनका लागि जनताका साथमा माओवादीले सुरुआत गरेको जनयुद्धलाई ‘हिंसा’ भनेर अपमानित गर्न नहुने बताउनुभयो । “यदि माओवादी जनयुद्ध ‘हिंसा’ थियो भने सरकारले किन वार्ता गर्‍यो, किन राजनीतिक दलहरुले गणतन्त्रको पक्षमा माओवादीसँग सहकार्य गरे ?”, उहाँले प्रश्न गर्नुभयो, “माओवादी आन्दोलन हिंसा थिएन, जनयुद्ध थियो, जसले व्यवस्था परिवर्तनका लागि लड्यो ।”

सांसद विश्वकर्माले जनताका माग तत्कालीन सरकारले सम्बोधन नगर्दा जनविद्रोहको अवस्था पैदा भएको दाबी गर्नुभयो ।

**‘एग्रिकल्चर सेन्टर अफ एक्सिलेन्स’स्थापनाको माग**

मनोनित सांसद अन्जान शाक्यले कृषिको आधुनिकीकरणबाट लाखौं रोजगारी सिर्जना गर्न सकिने बताउनुभयो । “मुलुकको समृद्धिका प्रमुख क्षेत्रका रुपमा कृषि क्षेत्र छ । कृषिको विकास र विस्तार गर्ने हो भने लाखौं सङ्ख्यामा युवा, किसान, वैज्ञानिक, उद्यमीलगायतले काम गर्ने अवसर पाउनेछन् । यसका लागि कृषिमा आधुनिकीकरण गर्न आवश्यक छ”, उहाँले भन्नुभयो ।

उहाँले कृषिमा क्रान्ति ल्याउन सरकार, नागरिक र विज्ञ एकजुट हुनुपर्नेमा जोड दिँदै यसबाट कृषि क्षेत्रलाई उच्च विकसित उद्योगका रुपमा विकास गर्न सकिने दाबी गर्नुभयो । नेपाललाई आर्थिक रुपमा समृद्ध बनाउन परम्परागत कृषिलाई आधुनिकीकरण गर्न ‘एग्रिकल्चर सेन्टर अफ एक्सिलेन्स’स्थापना गर्न अत्यावश्यक रहेको उहाँको सुझाव थियो ।

**द्वन्द्वलाई नकोटयाऔँ, न्याय र परिपुरणमा ध्यान दिऔँ : सांसद गैरे**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्रलक्ष्मी गैरेले चाडपर्वका समयमा उपभोक्ता ठगीमा पर्ने सम्भावना बढ्ने जनाउँदै बजार अनुगमनलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । “मूल्य नियन्त्रण, दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति, गुणस्तरको प्रत्याभूतिलगायत विषयमा सरकारको ध्यान जानुपर्छ”, उहाँले भन्नुभयो ।

प्रमुख राजमार्गमा बढ्दो सडक दुर्घटनाबाट आमनागरिक त्रसित बनिरहेको उल्लेख गर्दै सांसद गैरेले सडक सुरक्षाको प्रत्याभूति दिलाउन माग गर्नुभयो । व्यवस्था परिवर्तनका लागि मुलुकमा सशस्त्र द्वन्द्व भएको जनाउँदै उहाँले द्वन्द्व समाधानका दिशामा अघि बढिरहेका अवस्थामा पुराना घाउलाई कोट्याउने भन्दा पनि पीडितलाई न्याय र परिपुरण दिनेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

**मधेसको विकासमा विशेष योजना ल्याउन आग्रह**

जनता समाजवादी पार्टी नेपालका सांसद मृगेन्द्रकुमार सिंह यादवले हुलाकी राजमार्गलाई पूर्णता दिनेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । सप्तरीको रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बजेट अभावका सेवा प्रवाह हुन नसकेकातर्फ सरकारको ध्यानाकृष्ट गराउँदै उहाँले तराई/मधेसका क्षेत्रको विकासमा विशेष योजना ल्याउन माग गर्नुभयो ।

# नेपाल विश्वविद्यालय विधेयकमाथि तल्लो सदनको संशोधनमा राष्ट्रियसभाको सहमति

काठमाडौं, ३० भदौ (रासस) ।

राष्ट्रियसभाले नेपाल विश्वविद्यालय विधेयक, २०७९ का सम्बन्धमा प्रतिनिधिसभाबाट भएको संशोधनलाई सहमति प्रदान गरेको छ ।

राष्ट्रियसभाको आइतबारको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले प्रस्तुत गर्नुभएको ‘प्रतिनिधिसभाबाट संशोधनसहित फिर्ता आएको नेपाल विश्वविद्यालय विधेयक, २०७९ का सम्बन्धमा प्रतिनिधिसभाबाट भएको संशोधनलाई सहमति गरियोस्’ भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति गरेको हो ।

त्यसअघि बैठकमा सो विधेयकका सम्बन्धमा प्रतिनिधिसभाबाट भएको संशोधनमाथि छलफल भएको थियो । प्रतिनिधिसभाबाट यही भदौ २४ गते उक्त विधेयक संशोधनसहित पारित भएको थियो भने विसं २०७९ मङ्सिर २० गते दर्ता भएको सो विधेयक गत असार १८ गते राष्ट्रियसभाबाट पारित भएको थियो ।

सरकारले दक्ष, सिर्जनशील, उद्यमशील र प्रतिस्पर्धी मानवस्रोत उत्पादन गर्न गैरसरकारी क्षेत्रमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्न आवश्यक ठानी सो विधेयक सङ्घीय संसद्मा पेस गरेको थियो । अन्तरविधात्मक अवधारणा (लिबरल आर्टस्)मा आधारित बहुविधागत गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानमार्फत दक्ष, सिर्जनशील र प्रतिस्पर्धी मानवस्रोतको उत्पादन गर्न मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्रको विश्वविद्यालयका रुपमा उक्त संस्था स्थापना गर्न लागिएको विधेयकमा उल्लेख छ ।

त्यसअघि बैठकमा राष्ट्रियसभाका सचिव डा सुरेन्द्र

***बाँकी अन्तिम पृष्ठमा***

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**महादेवा गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
**सप्तरी**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**तिरहुत गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
**सप्तरी**

## विश्व समाचार

### केजरीवालले पदबाट राजीनामा दिने

नयाँदिल्ली, ३० भदौ (रासस/एएनआई) ।

दिल्लीका मुख्यमन्त्री तथा आम आदमी पार्टीका राष्ट्रिय संयोजक अरविन्द केजरीवालले दुई दिनपछि मुख्यमन्त्री पदबाट राजीनामा दिने आइतबार घोषणा गर्नुभएको छ । उहाँले दिल्लीका जनताले आफूलाई ‘इमानदार’ प्रमाणित नगरेसम्म मुख्यमन्त्रीको कुर्सीमा नबस्ने बताउनुभएको छ । यदि जनताले आफूलाई भोट दिए भने यो आफ्नो ‘इमान्दारिता’को प्रमाण पत्र हुने उहाँले बताउनुभयो ।

आम आदमी पार्टी (आप) को कार्यालयमा पार्टी कार्यकर्तालाई सम्बोधन गर्दै मुख्यमन्त्री अरविन्द केजरीवालले भन्नुभयो, “म दुई दिनपछि मुख्यमन्त्री पदबाट राजीनामा दिन गइरहेको छु। जनताले आफ्नो निर्णय नदिएसम्म म मुख्यमन्त्रीको कुर्सीमा बस्ने छैन । म हरेक घर र गल्लीमा जान्छु तर जनताबाट निर्णय नआएसम्म मुख्यमन्त्रीको कुर्सीमा बस्ने छैन ।”

उहाँले अगाडि भन्नुभयो, “निर्वाचन केही महिनापछि हुन्छ । यदि तपाईंलाई केजरीवाल इमानदार लाग्छ भने मलाई भोट दिनुहोस् र लाग्दैन भने नदिनुहोस् । म चुनावबाट अनुमोदित भएपछिमात्र मुख्यमन्त्रीको रूपमा कार्यभार सम्हाल्नेछु । तपाईंको मत मेरो इमान्दारिताको प्रमाण हुनेछ ।”

दुई दिन पहिले जेलबाट जमानतमा रिहा हुनुभएका मुख्यमन्त्री केजरीवालले भन्नुभयो, “आगामी फेब्रअरीमा निर्वाचन हुने बताइएको छ । म महाराष्ट्रको चुनावसँगै नोभेम्बरमा चुनाव हुनुपर्ने माग गर्दछु।”“निर्वाचन नहुञ्जेलसम्मका लागि पार्टीबाट अर्को कोही मुख्यमन्त्री बन्ने र यसका लागि आगामी दुई  वा तीन दिनमा विधायकहरूको बैठक बस्नेछ र बैठकले अर्को मुख्यमन्त्रीको निर्णय गर्नेछ,”उहाँले भन्नुभयो ।

केजरीवालले केन्द्र सरकारले भाजपाले चुनाव हारेका राज्यका मुख्यमन्त्रीविरुद्ध मुद्दा दायर गर्ने सूत्र अपनाएको आरोप पनि लगाउनुभयो । उहाँले राजिनामाबारे आफूमाथि उठाइएको प्रश्नबारे भन्नुभयो, “केजरीवालले जेलबाट किन राजीनामा नदिएको भनेर प्रश्न उठेको छ । मैले लोकतन्त्र बचाउन चाहन्थेँ त्यसैले राजीनामा नदिएको हुँ ।”

दिल्लीका मुख्यमन्त्री तथा आम आदमी पार्टीका राष्ट्रिय संयोजक अरविन्द केजरीवाल शुक्रबार राति तिहाड जेलबाट छुटेपछि शनिबार पार्टीका वरिष्ठ नेताहरूसँग बैठक गर्नुभएको र आइतबार पार्टी कार्यालयमा उपस्थित हुनुभएको हो । सर्वोच्च अदालतले दिल्लीको कथित मदिरा नीति प्रकरणसँग सम्बन्धित भ्रष्टाचारको मुद्दामा उहाँलाई जमानत दिएको केही घण्टापछि शुक्रबार साँझ उहाँ तिहाड जेलबाट रिहा हुनुभएको थियो ।

### म्यान्मामा हावाहुरी र बाढीबाट मृत्यु हुनेको संख्या ७४ पुग्यो

याङ्गुन, ३० भदौ (रासस/एएफपी) ।

म्यान्माको यागी आँधीका कारण मृत्यु हुनेको सङ्ख्या ७४ पुगेको सरकारी सञ्चारमाध्यमले आइतबार जनाएका छन् ।म्यान्मा, भियतनाम, लाओस र थाइल्याण्डमा गत साता आएको ‘यागी’ नाम दिइएको आँधीका कारण आएको बाढी र पहिरोमा परी कम्तीमा ३५० जनाको मृत्यु भएको सरकारी तथ्याङ्कले देखाएको छ ।

म्यान्मामा शुक्रबार साँझसम्म बाढीका कारण ७४ जनाको मृत्यु हुनुका साथै ८९ जना बेपत्ता भएको ग्लोबल न्यू लाइट अफ म्यान्माले जनाएको छ ।सन् २०२१ मा सेनाको ‘कू’ पछि युद्ध चर्किरहेको देशलाई बाढीले थप दुःख दिएको छ । बाढीले ६५ हजारभन्दा बढी घरमा क्षति पुर्‍याएको, पाँचवटा बाँध भत्काएको विज्ञप्तिमा उल्लेख छ ।शुक्रबार सार्वजनिक गरिएको तथ्याङ्कअनुसार जुन्तामा यसअघि ३३ जनाको मृत्यु भएको थियो भने दुई लाख ३५ हजारभन्दा बढी मानिस विस्थापित भएका थिए ।

राजधानी न्यापितको बाहिरी भागलगायत मध्य क्षेत्रका केही भाग डुबानमा परेका छन् ।पहाडी क्षेत्रमा धेरै स्थानमा पहिरो गएका खबर आएको छ । त्यहाँ सडक र पुलमा क्षति पुगेको छ भने फोन तथा इन्टरनेटको लाइन बन्द हुँदा सूचना सङ्कलन गर्न कठिन भएको छ ।मध्य र दक्षिणी म्यान्मा हुँदै बग्ने सिताउङ र बागो नदीमा पानीको सतह आइतबार पनि खतराको तहभन्दा माथि रहेको सरकारी सञ्चारमाध्यमले जनाएका छन् । म्यान्माका अधिकारीहरूले विस्थापितलाई राख्नका लागि ८२ वटा ‘राहत शिविरहरू’ खोलेको सरकारी सञ्चार माध्यमहरूले जनाएका छन्। थाइल्याण्डको मौसम कार्यालयले मेकोङ नदीको छेउछाउका प्रान्तहरूमा थप भारी वर्षाको चेतावनी दिएको छ । द्वन्द्वका कारण २७ लाखभन्दा बढी मानिस विस्थापित भएको म्यान्मामा आँधीका कारण आएको बाढी र डुबानले थप सङ्कट निम्त्याएको छ ।

म्यान्मारको जुन्टा प्रमुखले बाढीसँग जुध्नका लागि विदेशी सहयोगका लागि दुर्लभ अनुरोध गरेको सरकारी सञ्चारमाध्यमले शनिबार जनाएका छन् ।सेनाले यसअघि पनि विदेशबाट आउने मानवीय सहायतालाई रोकेको वा दुरूत्साहित गरेको थियो ।

### हाइटीमा ट्याङ्कर विस्फोट हुँदा २४ जनाको मृत्यु

पोर्ट-ओ-प्रिन्स, हाइटी, ३० भदौ (रासस/एएफपी) ।

दक्षिण-पश्चिम हाइटीमा शनिबार एउटा ट्याङ्कर विस्फोट हुँदा कम्तीमा २४ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । मिरागोएनमा भएको विस्फोटमा परी करिब ४० जना घाइते भएका छन् भने केहीको शरीरका अधिकांश भाग जलेको हाइटीको नागरिक सुरक्षा निकायका प्रमुख इमानुएल पियरेले एएफपीसँग बताउनुभयो ।

पियरेका अनुसार उद्धारकर्ताले विस्फोटस्थल नजिकै जलेका थप आठ शव फेला पारेपछि मृतकको सङ्ख्या २४ पुगेको हो । यसअघि शनिबार दिइएको जानकारीमा दुर्घटनाका कारण १६ जनाको मृत्यु भएको जनाइएको थियो ।

घाइतेहरूलाई राजधानी पोर्ट-ओ-प्रिन्सबाट करिब १०० किलोमिटर पश्चिममा रहेको बन्दरगाह शहर मिरागोएनस्थित सेन्ट थेरेसी अस्पतालमा उपचारका लागि लगिएको छ भने छ जनालाई पोर्ट-ओ-प्रिन्सको विशेषज्ञ अस्पतालमा लगिएको थियो। अन्य १३ जनाको शरीरको ८० प्रतिशत भन्दा बढी जलेको कारण यातायात असम्भव भएकाले सेन्ट थेरेसी अस्पतालमा नै उपचार भइरहेको छ ।

# मधेश प्रदेश क्रिकेट संघको तेश्रो साधारण सभा सम्पन्न



**दैनिक समाचारदाता**
**बिरगंज, ३० भदौ ।**

मधेश प्रदेश क्रिकेट संघको तेश्रो वार्षिक साधारण सभामा आइतबार बिरगंजको पर्सामा सम्पन्न भएको छ ।

कार्यक्रममा मधेश प्रदेश क्रिकेट संघका सचिव आयुश श्रेष्ठले प्रस्तुत गरेको आ.व.२०८०।८१ को वार्षिक प्रगति प्रतिवेदन अनुसार मधेश प्रदेशको पुरुषतर्फ दिवसिय अन्तरगत खेलेका खेलेका ९ खेलमा ६ मा जित तथा ३ मा हार ब्योहोरेको तथा टि २० अर्न्तगत २६ खेलमा १७ जित तथा ९ खेलमा हार ब्योहोरेको जनाइएको छ । त्यसैगरि महिला तर्फ ८ खेलमा ३ जित तथा ५ खेलमा हार ब्योहोरेको प्रतितवेदनमा उल्लेख छ ।

त्यस्तै आ.व.२०८१।८२ को वार्षिक कार्यक्रम अनुसार मधेश प्रिमियर लिगको आयोजना, ८ वटै जिल्ला बिच रातो बलले लामो क्रिकेटको प्रतियोगिता, उत्कृष्ट महिला तथा पुरुष खेलाडिलाई नगद सहित सम्मान लगायतको कार्यक्रम पेश गरेका थिए भने मधेश प्रदेशका क्यानले बाहेकका बढिमा ५ खेलाडिलाई जिविकोपार्जनका लागि तलबको व्यवस्थापन गर्ने र यस बर्ष प्रदेशबाट खेल्ने सम्पुर्ण खेलाडिलाई करार सम्झौता गरि अनुबन्धित गर्ने समेत कार्यक्रम पेश गरेका प्रतिवेदनमा जनाइएको छ । कार्यक्रममा बोल्दै पर्सा जिल्ला क्रिकेट संघका अध्यक्ष मनिश सिंहले मधेश प्रदेशमा ८ वटै जिल्लाले क्रिकेट खेल्ने भएको र उत्कृष्ट खेलाडिहरुले भरिएको समेत भएकोले नयाँ खेलाडीलाई आफ्नो दावेदारी पेश गर्न समेत कठिनाई पर्ने हुनाले यस बिषयमा नेपाल क्रिकेट संघले आवश्यक पहल गर्न तर्फ ध्यान दिनु पर्ने जिकिर गरे ।

कार्यक्रममा बिरगंज महानगरपालिकाका नगर प्रमुखले ईलाइट कपलाई भव्यताका साथ सम्पन्न गर्न कुनै कसर बाकि नराख्ने र पर्सा क्रिकेट संघले गर्ने कार्यलाइ नगरपालिका सदैव साथ रहेको जानकारी समेत दिए ।

त्यसै गरि कार्यक्रममा उपस्थित खेलकुद तथा सामाजिक मन्त्री प्रमोद जयसवालले क्रिकेटको बिकासको लागि मधेश सरकार सदैव साथ रहेको र मधेश प्रिमियर लिग तथा क्रिकेटका अन्य गतिबिधी संचालनका मधेश प्रदेश क्रिकेट संघ संगै सहकार्य गर्ने बताए ।

कार्यक्रममा जिल्ला क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डेय, बाराका अध्यक्ष प्रभात चौरसिया, पर्साका अध्यक्ष मनिश सिंहले तथा नेपाल क्रिकेट संघका पुर्व सदस्य दाउद अन्सारी लगायतले आफना मन्तव्य राखेका थिए ।

मधेश प्रदेशका खेलकुद तथा सामाजिक मन्त्री प्रमोद जयसवालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्ष मधेश प्रदेश क्रिकेट संघका अध्यक्ष सुनिल कुमार महासेठले गरेका थिए भने स्वागत मन्तव्य मधेश प्रदेश क्रिकेट संघका सदस्य सत्रुघन साहले दिएका थिए ।

# लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय अझै समस्यामा

काठमाडौं, ३० भदौ (रासस) ।

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायले नागरिकता, विवाह, सम्पत्तिलगायत क्षेत्रमा अहिले पनि विभिन्न समस्या भोग्दै आएका छन् ।

मितेरी नेपालले आइतबार यहाँ आयोजना गरेको 'लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका सवालहरुको सम्बोधनमा सांसदहरुको भूमिका' विषयक नीति संवाद कार्यक्रममा उक्त समुदायले आफूहरु नेपालको नागरिक भए पनि अन्य नागरिक जस्तै समान हक नपाएको बताएका हुन् ।

कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति विमला सुवेदीले नेपालको संविधान २०७२ मा सम्पत्तिको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरे यो समुदायका महिलाको सम्पत्तिमाथि हक नभएकाले पछाडि पर्नुका साथै विभिन्न समस्या भोग्नु परेको बताउनुभयो । उहाँले विद्यमान समस्या समाधान गर्न कानुनी क्षेत्रबाट आफूले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सभापति सुवेदीले आफू यो समुदायप्रति गम्भीर तथा संवेदनशील रहेको बताउँदै कानुन बनाउने ठाउँबाट आफूले विस्तृत रुपमा छलफल गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने प्रतिबद्धता जनाउनुभयो ।

महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साहले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायले भोगका घटना सुन्दा आफूलाई हृदयविदारक लागेको भन्दै उनीहरुको समस्या समाधानका लागि समितिबाट सबै अध्ययन गरी आवश्यक सहयोग गर्ने बताउनुभयो । यो समुदायका व्यक्ति पनि प्राकृतिक रुपमा जन्मिएनुका साथै सामाजिक, आर्थिक क्षेत्रमा योगदान पुऱ्याउने भएकाले समाजमा सम्मानपूर्वक र विभेदरहित तरिकाले बाँच्नका लागि राज्यले वातावरण मिलाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव नवराज सापकोटाले आयोगले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको हक, अधिकार स्थापित गराइ कायान्वयनका लागि सरकारलाई सिफारिस गरेको बताउनुभयो । उहाँले यस विषयमा आयोगले पुनः सरोकार भएका निकायसँग विस्तृत छलफल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मितेरी नेपालका अध्यक्ष लक्ष्मी घलानले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायले घरदेखि समाज र राज्यबाट धेरै दुःख झेल्नुपरेको उल्लेख गर्नुभयो । उहाँले संविधान र कानुनले गरेका व्यवस्थाहरु पनि व्यवहारमा कार्यान्वयन हुन नसक्दा कठिनाइ झेल्नुपरेको भन्दै समस्या समाधान गर्न सांसदहरुको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा उक्त समुदायबाट सहभागी भएकाले विवाह दर्ताको व्यवस्था नभएको, बच्चा जन्मिए पनि दर्ता गर्ने व्यवस्था नभएको, धर्मपुत्र वा धर्मपुत्री लिने व्यवस्था नभएको, नागरिकतामा आफ्नो पहिचानअनुसार लिन नपाएकोलगायत समस्या भोग्नुपरेको धारणा राख्दै विद्यमान समस्या समाधानमा सबैले सहकार्य गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

### शिशुको मृत्यु ...

उपचारका क्रममा बालक आर्दशको मृत्यु भएको तथा हजुरआमा अनिताको उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

घटनापछी आक्रोशित मृतकका आफन्त तथा स्थानीयले विभिन्न ४ बुंदे माग अघि सार्दै ५ घण्टा राजमार्ग अवरुद्ध पार्नुका साथै ठाउँ ठाउँमा टायर बालेर प्रर्दशन थालेका थिए ।

प्रर्दशनकारीले माइक्रो चालकलाई सवारी ज्यान मुद्दामा कारवाही, मृतकका परिवारलाई क्षतिपुर्ती, माइक्रो सिन्डीकेट खारेजी तथा कंकालिनी भगवती मन्दिर परिसरमा प्रहरी बिट स्थापना लगायतका माग अघि सारेका थिए ।

स्थिति असामान्य हुन थालेपछि इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी महेन्द्र नेपाल तथा जिल्ला प्रहरी कार्यालयका डिएसपी ढुण्डिराज नेउपानेसहितको पुगेको टोलीले पीडित पक्ष तथा माइक्रो संचालक पक्षलाई राखेर छलफल र सहमती गराएपछि अवरुद्ध राजमार्ग पाँच घण्टा पश्चात् सूचारु भएको छ ।

ठक्कर दिने माइक्रो र चालक सप्तरीको छिन्नमस्ता गाउँपालिका ७ का ३२ वर्षिय अब्दुल सतारलाई नियन्त्रणमा लिई सवारी ज्यान मुद्दा अन्तरगत कारवाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### शौचालयबाट ...

भद्रपुर लगिएको थियो । त्यहाँबाट थप उपचारका लागि ओमसाई पाथीभरा अस्पतालमा रेफर गरिएको थियो । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक मिलन केसीको कमाण्डमा फरार कैदी साहको खोजी भइरहेको बताइएको छ ।

यसअघि इलाका प्रहरी कार्यालय बिर्तामोडका एकजना थुनुवा हतकडी फुस्काइ फरार भएका थिए । फरार भएको चार दिनपछि भदौ ८ गते उनी बिर्तामोड बसपार्कबाट समातिएका थिए । फितलो सुरक्षा व्यवस्थापनको फाइदा उठाउँदै झापामा एकपछि अर्को यस्ता घटना घट्न थालेको बताइएको छ ।

# 'हवाईसम्बन्धी विधेयक छिट्टै ल्याउनुपर्नेमा जोड'

काठमाडौं, ३० भदौ (रासस) ।

राष्ट्रियसभाको आइतबारको बैठकमा सांसद तलुसाकुमारी दाहालले हवाई व्यवस्थापन गर्न बन्न लागेका 'नेपाल हवाई सेवा प्राधिकरण, २०७६' र 'नेपाल नागरिक उड्डयन विधेयक, २०७६' यथाशीघ्र ल्याउनुपर्नेमा जोड दिनुभएको छ ।

आइतबारको बैठकको शून्य समयमा सांसद दाहालले राष्ट्रियसभाले २०७८ साउन १८ गते छलफल गरी प्रतिनिधिसभामा उक्त दुई विधेयक पठाएको जानकारी गराउँदै प्रतिनिधिसभाको अघिल्लो समयावधि सकिएकाले ती विधेयक शून्यमा गएको भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

नेपालमा हालसम्म ७१ पटक हवाई दुर्घटना भएको जानकारी दिँदै हवाईसम्बन्धी महत्वपूर्ण मानिएका दुई विधेयक यथाशीघ्र ल्याएर कार्यान्वयन गर्नुपर्ने सांसद दाहालले उल्लेख गर्नुभयो । "यी दुई विधेयकमाथि कहिले छलफल हुन्छ र कार्यान्वयनमा आउँछ?", उहाँले प्रश्न गर्नुभयो । सांसद गङ्गाकुमारी बेल्वासेले उपसभामुख इन्दिरा रानाले माफी मागिसकेको अवस्थामा उक्त विषयमा फेरि सदनमा उठाउनु गलत रहेको धारणा राख्नुभयो ।

सांसद गोपिबहादुर सार्की अछामीले महाप्रबन्धक नहुँदा उदयपुर सिमेन्ट कारखाना सञ्चालनमा समस्या आएको भन्दै पूर्वाञ्चल विश्वविद्यालयमा तीन सय शय्याको अस्पताल र मेडिकल सञ्चालन गर्न अनुपतिपत्र दिनुपर्ने विषयमा सरकार समक्ष निवेदन गर्नुभयो । सांसद मायाप्रसाद शर्माले मध्यपहाडी लोकमार्गअन्तर्गत जाजरकोट खण्ड र चौझारी खण्डको पुल मर्मत गर्न सरकारलाई ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुमित्रा विसीले तरकारी र फलफूलमा विषादी प्रयोग भइरहेकाले जनस्वास्थ्यमा असर परेको विषयमा कृषि मन्त्रालयलाई ध्यानाकर्षण गराउँदै समस्या समाधानको पहल गर्न आग्रह गर्नुभयो ।

### नेपाल विश्वविद्यालय ...

अर्यालले राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा पठाइएको 'सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७'का सम्बन्धमा त्यहाँबाट प्राप्त सन्देश जानकारी गराई टेबुल गर्नुभएको थियो ।

बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले 'विकास आर्थिक मामिला तथा सुशासन समितिको आव २०८०/८१ को वार्षिक प्रतिवेदन' र सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति सोनाम गेल्जेन शेर्पाले 'सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन' पेस गर्नुभयो ।

सभामा अध्यक्ष नारायणप्रसाद दाहालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्रको व्यहोरा जानकारी गराउनुभएको थियो ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

राजगढ गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*